# साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत :२०७५।०८।१०

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

## साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना :**

कृषकहरुबाट उत्पादित नाशवान उपजबाट उनीहरुलाई अपेक्षित लाभ प्रदान गरी उत्पादन बृद्धिमा अझबढी हौसला प्रदान गर्नको लागि उत्पादित यस्ता कृषि उपजहरुको भण्डार गरी उचित समयमा बिक्रि बितरणको ब्यबस्था मिलाउने प्रणालीको बिकास गर्न शितभण्डार निर्माण गर्नु आबस्यक हुन्छ । गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालन लाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउन बान्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यबिधिको नाम **"साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** हुनेछ ।

२) यो कार्यबिधि प्रदेश सरकारबाट स्वीकृत भएपछि गण्डकी प्रदेशभर तुरून्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले फरक अर्थ नलागेमा यस कार्यविधिमा,

१) **"उद्यमी"** भन्नाले यस कार्यबिधि अनुरुप प्रदेश सरकारबाट कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माणको लागी पाउने अनुदान लिने उदेश्यले आवेदन दिने कम्पनी वा सहकारी संस्था सम्झनु पर्दछ।

२) **"प्रस्ताव भन्नाले"** उद्यमीले कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माणका लागी अनुदान पाउन पेश गरेको दफा ६ अनुरुपको कागजातहरु सहितको सम्भाव्यता अध्ययन प्रतिवेदन सम्झनुपर्दछ ।

३) **"अनुदान"** भन्नाले यस कार्यबिधि अनुरुप शित भण्डार निर्माण गर्ने कार्यमा सहयोग पुर्याउन उपलब्ध गराईने नगद वा सो सरहको वस्तु/सामाग्री सम्झनुपर्दछ ।

४) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

५) **"कम्पनी"** भन्नाले निजि क्षेत्रका ब्यवसायीबाट कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको कम्पनि भन्ने बुझ्नु पर्दछ ।यस शब्दले आन्तरिक राजश्व कार्यालय र सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको कृषि उद्योग वा कृषि फर्मलाई समेत जनाउँदछ ।

६) **“नासवान कृषि उपज“** भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफुल, आलु, तरकारी, पुष्प, दुध, माछा र मासु जस्ता शित भण्डारणको आवस्यकता पर्ने नासवान बस्तु सम्झनुपर्दछ ।

७) **“कोल्ड स्टोर/ चिस्यान केन्द्र/ कोल्ड रुम”** भन्नाले बाहिरी बातवरणको तापक्रम भन्दा कम तापक्रमयुक्त बातावरणको सिर्जना गरि विषेश गरेर नासवान कृषि उपजको सुरक्षित भण्डारण गर्नको लागि निर्माण गरिएको संरचनाहरुलाई बुझिन्छ ।यसमा कोल्ड रूम भन्नाले कोल्ड स्टोर भन्दा सानो क्षेत्रफल र कम पूँजीमा निर्माण भएको कम क्षमताको कृषि उपज भण्डार भन्ने बुझिन्छ ।

८) **“कृषि बजार”** भन्नाले नासवान कृषि उपजको खरिद बिक्रि हुने क्षेत्रलाई सम्झनुपर्दछ । यस शब्दले कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार र खुद्रा बजारको क्षेत्र समेत बुझाउंदछ ।

९) **“स्थानीय तह”** भन्नाले यस कार्यक्रम सञ्चालनमा सहयोग गर्ने सम्बन्धित गाऊंपालिका / नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका भन्ने सम्झनु पर्दछ ।

१०) **“मन्त्रालय”** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश लाई सम्झनु पर्दछ ।

११) **“निर्देशनालय”** भन्नाले उक्त मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

१२) **"मातहतका निकाय "**भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

१३) **"सम्बन्धित कार्यालय "**भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय वा मन्त्रालय मातहतका कार्यालय भन्ने सम्झनु पर्दछ ।

१४) **“अनुदानग्राही”** भन्नाले यस कार्यविधी बमोजिम अनुदान सहयोग पाउनका लागि छनौट भएका कृषि फर्म/कम्पनी, कृषक समुह र कृषि सहकारी संस्थालाई जनाउँदछ ।

**३. कार्यक्रम संचालनको उद्धेश्यः**

१) कृषकले उत्पादन गरेका नासवान कृषि उपजहरु बजारको माग तथा मूल्य हेरि उनिहरुले चाहेका समयमा बिक्रि गरी बढी आय प्राप्त गर्न सक्षम बनाउने ।

२) उपभोक्ताहरुलाई कृषि बजारहरुमा बर्षभरी तरकारी फलफुल लगाएतका खाद्यबस्तु आपुर्ति गर्न योगदान पुर्याउने ।

३) नाशवान कृषि उपजको नोक्सानीलाई कम गरी उपभोग्य उत्पादन बढाउने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

**४. कार्यक्रम सञ्चालन :**

१) यो कार्यक्रम मन्त्रालय वा मातहतका निकायमार्फत कार्यक्रम सञ्चालन हुनेछन् ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कारणवश मन्त्रालय वा मातहतका निकायबाट कार्यक्रम संचालन गर्न नसकिने भएमा सम्बन्धित स्थानीय तहको समन्वयमा कार्यक्रम संचालन गर्न सकिनेछ।

**५. सुचना प्रकाशन तथा प्रस्ताब पेश गर्ने**

१) यस कार्य बिधि अनुरुप सम्भाब्य र आवश्यक क्षेत्रहरुमा निजि उद्यमी वा सहकारी संस्थाबाट कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माणमा सहयोग पुर्याउन अनुदान दिने उदेश्यले मन्त्रालय वा निर्देशनालयले कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आब्हान गरी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ । साथै उक्त सूचना मन्त्रालय, निर्देशनालयको वेवसाईट, ज्ञान केन्द्र र स्थानीय तहको सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ । सुचना प्रकाशन गर्दा अनुसूची-६ बमोजिमका मूल्याकंनका आधारहरू सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्नेछ ।

२) सूचना प्रकाशन भए अनुरुप निजि कम्पनी वा सहकारी संस्थाले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी अनुसूची-२ बमोजिम निवेदनको साथमा अनुसूची-३ बमोजिम भरिएको प्रस्ताव पेश गर्न सक्नेछन् ।

**६.आवेदन दिन आवश्यक योग्यता :**

१) यस कार्यबिधि अनुरुप कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण कार्यका लागी अनुदान माग गरी प्रस्ताव पेश गर्न उद्यमीको देहायबमोजिमको सबै योग्यता पुगेको हनुपर्नेछ ।

१) आवेदकको कम्पनी वा सहकारी संस्था कानुन बमोजिम दर्ता भएको र स्थायी लेखा नम्बर लिएको साथै अघिल्लो आ.ब.को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२) शित भण्डार स्थापना गर्न सम्बन्धित बिशेषज्ञबाट सम्भाब्यता अध्ययन सम्पन्न गरेको र सम्भाब्य देखिएको अध्ययन प्रतिवेदन ।

३) कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण गर्न आवश्यक जग्गा सम्बन्धित स्थानिय तहको सहमतिमा व्यवस्था भएको तथा उक्त संरचना निर्माणका लागि सम्बन्धित स्थानिय तहले उपलब्ध गराएको वा गराउने अनुदान सहयोग सहितको सिफारिस ।

४) समुह, सहकारी वा संस्थाको हकमा कार्यसमिति बैठकले कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण प्रयोजनार्थ सहयोग माग गरेको निर्णयको प्रतिलिपि ।

५) आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम सामान्यतया २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज ।

६) मान्यता प्राप्त प्राबिधिक वा फर्मबाट शित भण्डारको डिजाईन र लागत अनुमान तयार भईसकेको।

२) निर्माणाधीन रहेको कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम तर श्रोत अभावले कार्य सम्पन्न हुन नसकेकोले पनि कारण खुलाई उपदफा (१) बमोजिम आवश्यक कागजात समावेश गरी प्रस्ताव पेश गर्न सक्नेछन ।

३) उपदफा (१) र (२) बमोजिम पेश हुन आएका प्रस्तावहरू सम्बन्धित कार्यालयले संकलन गरी दर्ता गर्नेछ ।

### ७. मूल्याङ्कन समिति गठनको ब्यवस्था :

१) अनुदानका लागी पेश हुन आएका प्रस्तावहरुको मुल्याङ्कन र सो सम्बन्धि ब्यवस्थाका लागि देहायबमोजिम मुल्याङ्कन समिति गठनको ब्यवस्था गरिने छ ।

| | | |
|---|---|---|
| क) | सचिब, भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| ख) | निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| ग) | आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| घ) | कृषि ईन्जिनियर, कृषि विकास निर्देशनालय | सदस्य |
| ङ) | बरिष्ठ कृषि प्रसार अधिकृत, पोष्टहार्भेष्ट व्यवस्थापन शाखा, कृषि विकास निर्देशनालय | सदस्य सचिव |

२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठकमा आवश्यकता अनुसार बढिमा दुईजना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

३) परियोजना कार्यान्वयन हुने क्षेत्र संग सम्बन्धित स्थानीय तह संग आवश्यक समन्वय र सहजीकरणको काम केन्द्रले गर्नेछ ।

४) अनुदानग्राही छनौट भएपश्चात बस्ने समितको बैठकहरुमा सम्बन्धित स्थानिय तहको प्रतिनिधि र सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको प्रमुखलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

५) विशेष कारणबस अध्यक्षता सचिवले गर्न नसकेमा निमित्त सचिवले बैठकको अध्यक्षता गर्नेछ । समितिको निर्णयमा कुनै विवाद भएमा अध्यक्षले गरेको निर्णय अन्तिम हुनेछ । सदस्य सचिवले निर्णय प्रमाणित गर्नेछ ।

६) कार्यक्रम सञ्चालन तथा अनुगमनको लागि निर्देशनालयले पोष्टहार्भेष्ट व्यवस्थापन शाखाका बरिष्ठ कृषि प्रसार अधिकृत वा नीज नभएमा निर्देशनालय प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारीलाई कार्यक्रम संयोजकको रुपमा नियुक्ति गर्नुपर्नेछ ।

**८. मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार**

१) यस कार्यबिधिको अनुसूचि ६ को मुल्याङ्कन फाराम बमोजिम प्रस्ताव मुल्याङ्कन गर्ने ।

२) मुल्याङ्कन बमोजिम योग्यताक्रम अनुरुप स्वीकृत बजेटको परिधि भित्र कति वटा ठाँउमा उपलब्ध गराउन सकिन्छ सो को यकिन गरी स्वीकृती दिने ।

३) कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुमको अनुदानको लागि किस्ता निकासा गर्न स्वीकृत दिने।

४) कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माणको अनुगमन गर्ने ।

५) मातहतका निकायलाई कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण संम्बन्धमा मार्गदर्शन दिने।

६) अनुदान रकमको हिसाब नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारवाहीका लागि अघि बढाउने।

७) मुल्याङ्कन सम्बन्धि आवश्यक अन्य काम गर्ने ।

## परिच्छेद ३

## अनुदानका रकम, उपलब्ध गराउने र खर्च गर्ने बिधि

**९. अनुदान प्रवाह बिधि**

१) कुल लागत ईष्टिमेट रकम एक करोड रुपैंयाभन्दा बढीको कार्यक्रम मन्त्रालयले (मन्त्रालयले तोकेको कृषि उपसचिवको संयोजकत्वमा) र एक करोड रुपैंया भन्दा कम लागतको कार्यक्रम निर्देशनालयले सञ्चालन गर्नेछ ।

२) उद्यमि छनौट पश्चात उक्त कार्यक्रम सञ्चालनको लागि ओभरसियर/ईन्जिनियरले स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा र निर्देशनालयले दफा ७ अनुसार गठित समितिमा पेश गर्नु पर्नेछ ।

३) प्राविधिकबाट स्वीकृत लागत ईष्टिमेट एवं डिजाइन अनुसार उद्यमीले आयोजनाको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको ३ % रकम कन्टीजेन्सी स्वरुप राख्नुपर्नेछ ।

४) स्वीकृत ईष्टिमेटको आधारमा मन्त्रालय वा निर्देशनालय र अनुदानग्राही संस्था बीच अनुसूची-४ बमोजिमको द्धिपक्षीय सम्झौता गरिनेछ । कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुमको संरचना निर्माण कार्य अनुदानग्राही आफैंले वा ठेकेदार कम्पनीमार्फत गर्नुपर्नेछ ।संरचनाको लागि आवश्यक सम्पूर्ण मेसिनरी यन्त्र तथा उपकरणहरु उद्यमी आफैंले नियमानुसार खरिद गर्नुपर्नेछ ।

५) निर्माण सहयोग कार्यक्रमको कुल लागत इष्टिमेटको बढीमा प्रदेश सरकारबाट कुल लागतको ७० प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने र अनुदानग्राहीले कम्तिमा ३० प्रतिशत खर्च जुटाइ कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६) मन्त्रालय वा निर्देशनालयले तोकेको प्राविधिकको सिफारीस र कार्य प्रगतिको आधारमा बढिमा २,५०,००,००० (दुई करोड पचास लाख) रुपैया रकम अनुदान स्वरुप बढिमा तीन किस्तामा सम्बन्धित फर्म वा संस्थाको बैंक खातामार्फत उपलब्ध गराईनेछ । साझेदारी कार्यक्रम सम्पन्न भई सकेपछि सोको मर्मतसम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित उद्यमिको हुनेछ । अनुदानग्राहीले कम्तिमा २० बर्षसम्म अविच्छिन्न रुपमा सम्झौता बमोजिमको कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम सञ्चालन गर्नुपर्नेछ । अनुदानग्राहीले आफ्नो व्यवसाय र कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुमको अनिवार्य रुपमा विमा गराउनु पर्नेछ ।

७) **प्रस्तावकको लगानी गर्ने रकम सम्बन्धमा :** अनुदानग्राहीले आफुले लगानी गर्न कबुल गरेको रकम तथा अन्य पुर्वाधारको व्यवस्था गरी बैंक दाखिला गरेको वा वित्तिय संस्थाबाट लगानी हुने अवश्थामा वित्तीय संस्थाको प्रतिबद्धता पत्र वा अन्य भरपर्दो जानकारी/विवरण प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यदिश दिइनेछ ।

८) **खरिद तथा भुक्तानी सम्बन्धि व्यवस्था :** संझौतामा उल्लेख भए अनुसार कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापनालाई आवश्यक पर्ने स-साना औजार उपकरणको हकमा स्वीकृत अनुदान रकमको परिधिभित्र रही खर्च भए अनुसारको अनुदान रकम अनुदानग्राहीलाई प्रमाणित बिल भरपाईका आधारमा उपलब्ध गराउन सकिनेछ।

९) **उद्यमीले पालना गर्नुपर्ने अन्य कुराः**

१. उद्यमीले यस कार्यबिधि अनुसार निर्माण हुने कामको बिस्तृत बिवरण, लागत, निर्माण गर्ने ठेकेदारको सम्पन्न गर्ने अबधि ठेकेदार मार्फत निर्माण स्थलमा टाँस्ने ब्यवस्था गर्नुपर्नेछ ।

२. यस कार्यबिधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यमा ईन्जिनियरबाट निरिक्षण गरी सम्पन्न कामको मेजरमेन्ट बुक राखी बिल बनाउने ब्यवस्था गर्नुपर्नेछ ।

३. सम्पन्न काम र खर्चको प्रतिबेदन मासिक रुपमा निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

४. निर्माणको क्रममा मन्त्रालय वा निर्देशनालय बाट दिएको निर्देशन पालना गर्नु पर्नेछ।

५. प्रदेश सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण सम्बन्धी हिसाब किताब हेर्न सक्नेछ । उक्त हिसाब किताब देखाउनु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

६. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

७. साझेदारी कार्यक्रम सम्पन्न भई सकेपछि सो को संचालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद ४

## अनुगमन तथा मूल्यांकन र विविध

**१०.अनुगमन तथा मुल्याङकन सम्बन्धि ब्यबस्थाः**

१) अनुदान प्राप्त कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण तथा संचालनको अनुगमन मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र र सम्बन्धित स्थानिय तहले गर्नेछ ।

२) मन्त्रालय र निर्देशनालयले यस कार्यबिधि अनुरुप निर्मित तथा संचालित शितभण्डारको अनुगमन निरिक्षण गरी निर्देशन दिन सक्नेछन् र सो निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

३) कार्यक्रम सँचालन पश्चात अनुसूची-५ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

**११.** कृषि उत्पादन क्षेत्रको बिकास तथा बजार बिकासको अबस्था लाई दृष्टिगत गरी निर्देशनालयले शित भण्डार निर्माण सम्बन्धि संभाब्यता अध्ययन गर्न सक्नेछ । कोल्ड स्टोर स्थापना सम्बन्धित कार्यक्रम निर्माण हुने स्थानको संभावना हेरी प्रति जिल्ला एक कोल्ड स्टोर निर्माणलाई प्राथमिकता दिइनेछ ।

**१२. सेवा शुल्क निर्धारणः**

कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण गरी संचालन गर्दा उद्यमी वा निजको प्रतिनिधिको उपस्थितिमा दफा ७ अनुसार बनेको समितको बैठकले सम्बन्धित स्थानीय तह संग समन्वय गरी निर्धारण भए बमोजिम मात्र सेवा शुल्क लिने ब्यवस्था गर्नुपर्नेछ ।

**१३. कारबाहीको ब्यवस्थाः**

१) सम्झौता अनुरुप काम नगर्ने उद्यमीलाई मुल्याङ्कन समिति वा निर्देशक समितिले अनुदान रकम रोक्न सक्नेछ ।

२) यस कार्यबिधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता उद्यमीलाई प्रचलितत ऐन नियम बमोजिम कारबाही गरिनेछ ।

३) सम्झौता अनुरुप निर्माण नगर्ने र रकमको हिसाब नबुझाउने उद्यमीलाई मन्त्रालयले प्रचलित कानुन बमोजिम कारबाही गर्नेछ ।

**१४. बाधा अडकाउ फूकाउ** : यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्धिविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

**१५.** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

**१६. संशोधनः** यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७.../.... मा सञ्चालन गरिने साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ७० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा देहायबमोजिमको परियोजना सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | परियोजनाको किसिम | अनुदान सहयोग | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना | कुल लागतको ७० प्रतिशत | • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु।<br>• कृषक समुह र कृषि सहकारी संस्थाको हकमा को हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि।<br>• शित भण्डार स्थापना गर्न सम्बन्धित बिशेषज्ञबाट सम्भाब्यता अध्ययन सम्पन्न गरेको र सम्भाब्य देखिएको अध्ययन प्रतिवेदन ।<br>• कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण गर्न आवश्यक जग्गा सम्बन्धित स्थानिय तहको सहमतिमा व्यवस्था भएको तथा उक्त संरचना निर्माणका लागि सम्बन्धित स्थानिय तहले उपलब्ध गराएको वा गराउने अनुदान सहयोग सहितको सिफारिस । | |

**पुनश्चः** निवेदन र परियोजना प्रस्ताव यस कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्ताव ढांचा यस कार्यालयबाट वा कार्यालयको वेभसाईट बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि सम्पर्कः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय , गण्डकी प्रदेश र मातहतका निकायहरु
Email- molmacprovince4@gmail.com
Website – molmac.p4.gov.np,
फोन नं ०६१-४६७८८५

**अनुसूचि-२**

**साझेदारीमा कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम स्थापना कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा**

| |
|---|
| रु १० को टिकट |

मिति : ..........................

श्रीमान् प्रमुख ज्यू
कृषि ज्ञान केन्द्र ...................

**विषयः कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण अनुदान सम्बन्धमा ।**

महोदय,

म/हामी यस निवेदन फाराममा हस्ताक्षर भएका व्यक्तिहरूबाट **गण्डकी प्रदेश.पा.न ,/गा .पा.** ............ .वडा नं ..........................................**स्थान** मा अवस्थित ............................... ..................................................................**कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रूम** निर्माण अयोजनाको लागि त्यस कार्यक्रमबाट सहयोग पाँउ भनि रू .......। )अक्षरूपी रू. ......................का ( दरले राजश्व दाखिला गरेको बैंक भैचार वा नगदै पेश गरीकार्यक्रम कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन दिएका छु/छै । मैले/हामीले यस कार्यक्रम अन्तगर्त अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छैं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छैं । यसका लागि निवेदनका साथ अन्य अवश्यक कागजातहरू समावेश गरी पेश गरेका छैं ।

<u>**निवेदक**</u>
उद्धमी, कृषक समूह/सहकारी/संस्थाको
अध्यक्ष/प्रतिनिधिको नामः
हस्ताक्षरः
सम्पर्क नं.
सम्पर्क नं.
मितिः
संस्थाको छापः

## अनुसुची-३

## प्रस्ताव पत्र

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्रा चिन्ह लगाउने) | १. कृषक समुह<br>२. सहकारी<br>३. उद्यमी √ |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

**२) प्रस्तावनाको औचित्य तथा महत्व**

**औचित्य तथा महत्वः**

तालिका : ............................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | | | | |
| **जम्मा** | | | | | |

**३) फर्मले लागत साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-**

**४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| **क.सं.** | **क्रियाकलाप विवरण** | **ईकाई** | **परिमाण** | | | **सम्पन्न गर्ने मिति** |
|---|---|---|---|---|---|---|
| | | | **हाल** | **थप गने** | **जम्मा** | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

**५) बार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाइ आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)**

निष्कर्ष : प्रस्तावित परियोजनामा बार्षिक रुपमा ……………..के.जी. …………उत्पादन हुने र उत्पादित बस्तुको विक्रिवितरणबाट बार्षिक रु. ……………………….. कुल आम्दानी गरिने योजना बनाईएको छ । फर्मको प्रस्तावित योजना अनुसार बार्षिक ……………………..रुपैंया मुनाफा हुने र लाभ लागत अनुपात ………………. मा रहने छ ।

**६. लागत साझेदारी**

यस संस्थाले संचालन गर्ने यो परियोजनाको कुल लागत करिव रु. ............................अनुमान गरिएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. .................................. अपेक्षा गरिएको छ जुन कुल लागतको ............. प्रतिशत मात्र हो ।

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| **क्र.सं.** | **विवरण** | **बाषिक खर्च (रु.)** | **अनुदान उपलब्ध गराउने संस्थाको (रु.)** | **अनुदानग्राहीको लागत (रु.)** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पुंजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पुंजी निर्माण) गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस फर्मले आफ्ना अपेक्षित उपलब्धिहरु हांसिल गर्नेछ । बार्षिक ............. के.जी. .................. उत्पादन एवं विक्रिवितरण गर्न सकिनेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत बार्षिक रुपमा ...........जनालाई नियमित र ..................जना/दिनको रोजगारी उपलब्ध गराउने र बार्षिक रु. .................. रकम मुनाफा लिन सकिने भएको हुंदा लागत साझेदारीमा यो प्रस्ताव अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिव देखिन्छ ।

## अनुसुची-४

## सम्झैता पत्र

१. यो सम्झौता पत्र केन्द्र र अनुदानग्राही (प्रथम पक्ष)  बीच (द्रोस्रो पक्ष)कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माण कार्यमा अनुदान सहयोग गर्नका लागि हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता लागु भएको मानिनेछ ।

३. द्रोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. प्रथम पक्षले द्रोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

५. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ । साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

६. अनुदानग्राहीले परियोजनाअनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ / बोर्ड राख्नुपर्नेछ ।

७. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजनाअनुदान कार्यक्रमको सार्वजनिकिकरण / समेत गरेको हुनुपर्नेछ ।

८. प्रस्तुत कृयाकलापहरु सोही आभित्र सम्पन्न गर्नुपर्नेछ । .व.

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः थर, | नामः थर, |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

**अनुसूची-५**

**उपलब्धि अनुगमन सूचक**

१. उद्धमीको नाम, ठेगाना: २. परिचय पत्र नं.

३. संचालन गरेको व्यवसाय : ४. व्यवसायको प्रकारः नयाँ/पुरानो

५. लाभान्वित घरधुरी वा कृषक, समुह, सहकारी:

६. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो/हैन ।

७. जम्मा संचित पूँजी वा बचत:

८. हाल प्राप्त अनुदानको प्रकार: चालुमात्र/ पूँजीगत मात्र/ दुवै

९. रोजगारीको अवस्था

| महिलाः | पुरुषः |
|---|---|

**१०. हालको व्यवसायिक विवरण**

| सि. नं. | संचालित मुख्य क्रियाकलापहरू | जम्मा लागत | अनुदान ग्राहीको | सम्बन्धित कार्यालयको | मुख्य क्रियाकलापले पारेको सकारात्मक प्रभाव वा मुख्य उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | चालु खर्च संग सम्बन्धित | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| | | | | | | |
| ख) | पूँजीगत खर्च संग सम्बन्धित | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

जम्मा लगानी रू .लागत सहभागीता रू . अनुदान प्राप्त रू .

**१० व्यवसायीले ,सहकारी ,समुह .आफ्नै पहलमा गरेका कृषि व्यवसायीकरणका मुख्य मुख्य कार्यहरू**

१.

२.

३.

**११ .आगामी योजनाहरु .....**

## अनुसूची-६

## कोल्ड स्टोर/चिस्यान केन्द्र/कोल्ड रुम निर्माणको लागी अनुदान उपलब्ध गराउने मुल्याङ्कन फारम

१. शित भण्डार निर्माण हुने कृषि उपज थोक बजारको भौतिक पुर्वाधारको अबस्था र जग्गाको स्वामित्व :— १० अंक

क) जग्गाको क्षेत्रफल

ख) बिक्रि कक्षको संख्या

ग) कार्यालय भवन

घ) कम्प्युटर संख्या

ङ) कर्मचारी संख्या

२. शित भण्डार निर्माणाधिन थोक बजारको कारोबारको अबस्था

बिगत ३ बर्षमा बार्षिक कारोवारको परिमाण स्थिती : ५ अंक

क) तरकारी खरिद बिक्रि परिमाण

ख) फलफुल खरिद बिक्रि परिमाण

ग) आलु खरिद बिक्रि परिमाण

घ) माछा खरिद बिक्रि परिमाण

ङ) अन्य कृषि उपज खरिद बिक्रि परिमाण

३. नासवान कृषि उपज आपुर्ति गर्न सम्भावित जिल्लाहरुको तरकारी, फलफुल, आलु र माछाको उत्पादनको अबस्था :— १० अंक

क) तरकारी (परिमाण)

ख) फलफुल (परिमाण)

ग) आलु (परिमाण)

घ) माछा (परिमाण)

४. शित भण्डारणले सेवा पुर्याउने पकेटहरु र प्रत्येक सँगको दुरी ५ अंक

पकेट क्षेत्र दुरी

क) ............................................

ख) ............................................

ग) ............................................

घ) ............................................

५. शित भण्डारणमा संचय हुन सक्ने अनुमानित परिमाण १० अंक

क) तरकारी परिमाण (क्वीन्टल)

ख) फलफुल परिमाण (क्वीन्टल)

ग) आलु परिमाण (क्वीन्टल)

घ) माछा परिमाण (क्वीन्टल)

६.बित्तिय तथा आर्थिक संभाव्यता ५० अंक

स्थानीय तहको लागत सहभागिता (Matching fund)- ३० अंक

निजी/सहकारी लागत सहभागिता-२० अंक

७. प्रबिधिक संभाव्यता १० अंक